म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३२८ सोमबार २४ असार २०८१ ने. सं. ११४४ दिल्लाथ्व 8 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरू**

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

# बागमती गाउँपालिकाको नीति, कार्यक्रम र बजेट रोक्न अदालतमा मुद्दा

साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ बागमती गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेटबिरुद्ध उच्चअदालत पाटन, हेटौंडा ईजलाशमा रिट निबेदन दर्ता भएको छ । गाउँपालिका उपाध्यक्ष फणिन्द्रकुमार तिमल्सिनालगायत ४ जना वडाअध्यक्षले अदालतमा रिट दायर गरेका हुन् ।






बागमतीका उपाध्यक्ष तिमल्सिनासहित बागमती-९ का वडाअध्यक्ष पुनराम घलान, ८ का वडाअध्यक्ष ईन्द्रमणि तिमल्सिना, वडानं. ६ का वडाअध्यक्ष टेकबहादुर डिमडुङ, ७ नं. का वडाअध्यक्ष उत्तरबहादुर भोलनले हेटौंडा-५ का प्रभाकर रेग्मीलाई वारेस नियुक्त गरी अदालतमा रिट दर्ता गराएका हुन् ।

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ बमोजिम गठन भएको राजशव परामर्श समितिलाई काम गर्ने वातावरण नबनाएको रिटमा आरोप लगाइएको छ । गाउँपालिका अध्यक्ष सर्केश घलान, प्रमुख प्रशासकीय अधिकृत, गाउँकार्यपालिकालाई बिपक्षी बनाएर रिट दायर गरिएको अधिवक्ता मदनकुमार दाहालले बताएका छन् । असार १० गतेभित्र गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि बजेट ल्याउनु पर्ने थियो । तर, गाउँपालिकाले यो मितिमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम मात्र सार्वजनिक गरेको थियो ।

समितिलाई कार्य गर्न दिई आवश्यक सुझाव प्रतिवेदन समेत लिई नीति तथा कार्यक्रम बजेट तर्जुमा गर्नु गराउनु नीति तथा कार्यक्रम सभा बोलाई पुन: पेशगर्नु नीति तथा कार्यक्रम कानुन वमोजिम पारित नभई बजेट तर्जुमा नगर्नु, बजेट तर्जुमा गर्दा समेत स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६, ६७ र दफा ७१ बमोजिमको प्रक्रिया पूरा गरेर मात्र वजेट तर्जुमा गरी सभासमक्ष पेशगर्नु भनी विपक्षीको नाममा प्रभावकारी परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ भनेर निबेदनमा माग गरिएको छ ।

विपक्षीहरुको गैर संवैधानिक र गैरकानुनी हर्कतलाई तत्काल अन्तरिम आदेश जारी गरी नरोक्ने हो भने कानुन विपरितको कार्यले प्रश्रय पाउने, गैरकानुनी कार्य हुनजाने, कानुनवमोजिमको कार्य गर्नवाट हामी निवेदक वन्चित हुनुपर्ने भएकोले र सुविधा सन्तुलनको दृष्टिकोणले समेत हामी निवेदकलाई अपुरणीय क्षति हुने हुँदा प्रस्तुत रिटनिवेदनको अन्तिम टुङ्गो नलागेसम्म मिति २०८१/३/१० मा विपक्षी कार्यपालिकाको गाउँसभावाट पारित गरेको भनिएको नीति तथा कार्यक्रम कार्यान्वयन नगर्नु नगराउनु, यथास्थितिमा नीति कार्यक्रमको आधारमा वजेट तर्जुमा नगर्नु नगराउनु वजेट पेश नगर्नु नगराउनु भनी विपक्षीको नाममा उच्चअदालत नियमावली २०७३ को नियम ४२(१) वमोजिम अन्तरिम आदेश समेत जारी गरी पाउँ भनि माग गरिएको छ ।

नेपालको संविधानको धारा २२१ ले स्थानीय तहको व्यपस्थापकीय अधिकार समेत रहेको संवैधानिक व्यवस्था रहेको छ । 'हामी निवेदकहरु संविधान र कानुनले दिएको हाम्रा अधिकार कर्तव्यप्रति सदा प्रतिवद्ध रही हामीलाई निर्वाचित गर्ने जनताप्रति संधै जवाफदेही र उत्तरदायी रही, समग्र जनताको हित र उन्नतिको लागि आफ्नो दायित्व जिम्मेवारी पुरा गरिरहेकै छौं' निबेदनमा भनिएको छ । ऐनको दफा ६७ ले वजेट तथा कार्यक्रम तर्जुमा समितिको व्यबस्था गरी दफा ६६ वमोजिम निर्धारण भएको आयको प्रक्षेपण र वितरणको खाका र वजेट तथा कार्यक्रम तर्जुमा गर्न भनी उपाध्यक्ष कै संयोजकत्वमा वजेट कार्यक्रम तर्जुमा समितिको व्यवस्था गरेको छ ।

'पालिका अध्यक्षले आफ्नो अधिकारको सीमा नाघ्ने, हामी निवेदकका अधिकार प्रयोग गर्न वाधा पुऱ्याउने र हामीलाई निर्णयप्रक्रियामा समावेश नगराउने र संविधान र कानुन विपरित पालिकाको कार्य संचालन गरी हामीमाथि गैर संवैधानिक गैरकानुनी थिचोमिचो र कानुन कार्यान्वयन र कानुनी व्यवस्थावाटै अर्जित अधिकार प्रयोगमा वाधा पुऱ्याउने गाउँपालिकाको कार्यसंचालन गाउँसभा संचालन नै गैरकानुनीढंगले संचालन गरेको र अब पछि समेत सोही अनुसार कानुन विपरितका कार्य गर्न अग्रसर रहेको अबस्था हुँदा बहुमत रहेको अवस्थामा पनि कानुन विपरित कार्य गर्ने छुट कसैलाई नभएको हुँदा विपक्षीवाट लगातार भैरहेको गैरकानुनी कार्यको निराकरण र रोकथामको लागि अन्य वैकल्पिक मार्ग नभएको हुँदा वाध्य भई सम्मानित अदालत समक्ष उपस्थित भएका छौं' भनिएको छ ।

आगामी अ.व. २०८१/८२ को वार्षिक नीति कार्यक्रम र वजेटसमेत तर्जुमा गरी गाउँसभासमक्ष पेश गर्नुपर्ने अनिवार्य संवैधानिक कानुनी व्यवस्था रहेकोमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ ले स्थानीय राजश्व परामर्श समिति संयोजक गाउँपालिका उपाध्यक्ष तिमल्सिनाको संयोजकत्वमा रहने व्यवस्था छ । समितिले सोही दफा उपदफा २ (क) (९) (ग) (घ) (ङ) (च) को व्यवस्था अनुसार कार्य गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै सोही ऐनको दफा ६६ वमोजिम श्रोत अनुगमन तथा वजेट सीमा निर्धारण समिति रहने व्यवस्था गरी सो समितिका उपाध्यक्ष सदस्य रहने व्यवस्था गरेको छ ।

'दफा ६५ को स्थानीय राजश्व परामर्स समिति दफा ६६ को श्रोत अनुगमन तथा वजेट सीमा निर्धारण समिति र दफा ६७ वमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिको गठन नै नगरिएको विपक्षी पालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई पटकपटक समितिमार्फत पूर्णता दिनुहोस् शाखाप्रमुखलाई सदस्यसचिव तोकेर बैठक बोलाउने कार्य गर्ने वातारवरण वनाईदिनुहोस भन्दा सबै हामी बनाउँछौ गाउँसभा बस्छ पारित गर्छ तपाइहरुले केही गर्न पर्दैन भनि अत्यन्त गैरकानुनी जवाफ दिनुभयो' निबेदनमा भनिएको छ ।

यसवाट आफूहरुले कानुनले तोकेको जिम्मेवारी पुरा गर्न नसकेको, पालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले विषयगत समितिको गठन नगरी बैठक नगरी परामर्श नै नगरी ऐनको दफा ६६ को उपदपा (७) वमोजिम वजेट सीमा प्रत्येक वर्षको चैत्र मसान्तसम्म प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका वडासमितिलाई उपलब्ध नगराएको बजेट सीमो प्राप्त नहुँदा दफा ६६ उपदफा (७) वमोजिम वजेट तर्जुमा गर्न नसकेको र पालिकामा पेश गर्न नसकेको अवस्था रहेको बताइएको छ ।

वजेट तथा कार्यक्रम तर्जुमा समिति नै गठन नगरी बैठक नबसी कानुनविपरित कार्य हुँदा नीति तथा कार्यक्रमको प्रस्ताव तयार नभएको, वजेट प्रथमिकता नतोकिएको, अन्तिम प्रस्ताव तयार नभएको अवस्थामा कानुनविपरित कार्यहरु निरन्तर भइरहेको रिटमा उल्लेख गरिएको छ ।

# कुलेखानी जलाशयमा पानीको सतह बढ्यो

साझाकुरा संवाददाता



हेटौंडा, २३ असार/ कुलेखानी जलाशयमा पानीको सतह २४ घन्टामा करिब साढे ८ मिटर बढेको छ । जलाधार क्षेत्रमा शुक्रबार रातीदेखि शनिबार अपरान्हसम्म अविरल वर्षा भएकाले २४ घन्टामै जलाशयमा साढे ८ मिटर पानी संकलन भएको हो ।

शुक्रवार बेलुका कुलेखानी जलाशयको सतह १ हजार ४ सय ८५ दशमलव ६६ मिटर थियो भने शनिवार वबेलुका १ हजार ४ सय ९३ दशमलव ३५ मिटर पानीको सतह पुगेको थियो । दामन, पालुङ, चित्लाङ, मार्खु, फाखेल, वज्रवराही लगायत जलाधार क्षेत्रमा शुक्रवार रातीदेखि भारी वर्षा भएकाले २४ सै घन्टामा जलाशयको सतह साढे ८ मिटर वढेको कुलेखानी प्रथम जलविद्युत् केन्दका प्रमुख तारादत्त भट्टले जानकारी दिए ।

आइतबार जलाधार क्षेत्रमा वर्षा नभएकाले जलाशयमा प्रतिघन्टा १० सेन्टिमिटर पानीको सतह वढेको कुलेखानी प्रथम जलविद्युत् केन्द्रले जनाएको छ । नेपाल विद्युत प्राधिकरणको 'व्याकअप'को रुपमा रहेको कुलेखानी जलाशयको सतह यो वर्ष १ हजार ४ सय ८३ दशमलव ८६ सेन्टिमिटरसम्म झरेको थियो । सुख्खायाममा दैनिक झण्डै एक मिटर नै पानीको सतह घट्ने गरी कुलेखानी सञ्चालन गरिएको थियो ।

विद्युत् आपूर्ति सन्तुलन गर्न र विद्युत् अधिक माग भएको समयमा तथा भोल्टेज तलमाथि हुँदा विद्युत् वितरण प्रणाली व्यवस्थित गर्न कुलेखानी जलविद्युत् आयोजना सञ्चालन गर्ने गरिन्छ । विगत २ दिनदेखि कुलेखानी सञ्चालनमा ल्याइएको छैन । पाँचसय मिटर चौडाई र सात किलोमिटर लम्वाई रहेको कुलेखानी जलाशय वर्षायाममा भर्ने र सुख्यायाममा विद्युत् उत्पादन गर्न पानी खपत गर्ने गरिन्छ ।

कुलेखानी जलाशयमा संकलन गरिएको पानी एक हजार ४ सय ८३ मिटर सतहमा झरेपछि विद्युत उत्पादनका लागि पानी प्रयोग गर्न सकिँदैन । कुलेखानी जलाशयमा समुन्द्री सतहबाट एक हजार ५ सय ३० मिटर पानी संक्लन गर्न सकिन्छ । २०७२ सालको भुकम्पले जलाशयको ड्यामको केही भाग चर्केकाले सकेसम्म एक हजार ५ सय २७ मिटर भन्दाबढी पानीको संकलन गर्दा बढी जोखिम हुने प्राविधिकहरुले बताएका छन् । जसले गर्दा गतवर्ष एक हजार ५ सय २७ मिटर पानी संकलन गरिएको थियो ।

एक हजार ५ सय ३० मिटर पानी जलाशयमा संकलन हुँदा ४७ मिटर संकलित पानी विद्युत् उत्पादनमा लागि प्रयोग गर्न सकिन्छ भने एक हजार ५ सय २७ मिटर मात्र पानी संकलन भएको अवस्थामा ४४ मिटरमात्र पानी विद्युत उत्पादनका लागि उपयोग गर्न सकिन्छ ।

कुलेखानी प्रथमबाट ६० दोस्रोबाट ३२ र तेस्रोबाट १४ गरी एक सय ६ मेगावाट विद्युत् उत्पादन हुनेगर्छ । यो नेपालको एकमात्र जलासययुक्त आयोजना हो ।

# आशा विशेष होस्टेलमा आगलागी

साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ हेटौंडा उपमहानगरपालिका-६, रामनगर स्थित आशा बिशेष होस्टेलमा आइतबार आगलागी भएको छ । फरक क्षमता भएका बालबालिकालाई राख्ने होस्टेलको भान्साकोठामा ग्यासचुलाबाट आगो सल्कन गई आगलागी भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरीका अनुसार, आगोलागीमा परेर सोही होस्टेलमा काम गर्ने हेटौंडा-८, बस्ने अन्दाजी ४५ वर्षीय पूर्णकुमार सापकोटा घाइते भएका छन् । घाइते उनको स्थानीय मेडिकलमा उपचार पश्चात डिस्चार्ज भइसकेका छन् । दिउँसो १ बजे लागेको आगो झण्डै पौने १ घण्टा पश्चात प्रहरीचौकी चौघडाबाट खटिएको प्रहरीटोली, दमकल र स्थानीयको सहयोगमा पूर्णरुपमा नियन्त्रणमा आएको थियो । आगलागीबाट भान्साकोठामा रहेका भाडावर्तन, अन्नपात, ग्यासचुल्हो, पानी तातो/चिसो बनाउने मेसिन, फर्निचरलगायतको सामग्री जलेर नष्ट भएको जनाइएको छ ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

हेटौंडा स्कूल अफ म्यानेजमेन्ट-२०५२
HETAUDA SCHOOL OF MANAGEMENT-1995

ADMISSIONS OPEN

Transform your passion for beauty into a career - study

BEAUTICIAN & HAIRDRESSING IN GRADE 11

For inquiry:
9855074222



ENHANCING SUCCESS:
Additional 24-month Medical And Engineering Preparation Classes Available In The Faculty Of Science For The Past 3 Years

CLASSES STARTING FROM
श्रावण १०

Hetauda-4, Makawanpur | info@hsm.edu.np | www.hsm.edu.np

"कडा अनुशासन, स्तरीय शिक्षा"

DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

साझाकुरा

## हाम्रो कुरा

# कुपोषणबाट मृत्यु

सूचनाप्रबिधिका कारण हिजोआजका दिनमा धेरै कुरा सहज भएको छ । बालबालिकालाई कुपोषण हुनबाट कसरी जोगाउन सकिन्छ ? भन्ने कुरा प्रबिधिले सहज बनाइदिएको छ । तर, त्यही प्रबिधिको प्रयोग गर्न पनि पहुँच नपुगेका ग्रामीण क्षेत्रका बिकट बस्तीमा कुपोषणका कारण बालबालिकाले मृत्युवरण गरिरहेका छन् । कुपोषणका कारण मकवानपुरको कैलाश गाउँपालिकामा चालु आर्थिक वर्षमा चार बालबालिकाको मृत्यु भएको छ । पाँच वर्षमुनिका २ बालिका र २ बालकको मृत्यु भएको बताइएको छ । गाउँपालिका स्वास्थ्यशाखाले गत साउनदेखि माघसम्म वडा ३, ४ र ७ का कुपोषणले ग्रस्त चार बालबालिकाको मृत्यु भएको जनाएको छ । मकवानपुरको कैलाश र राक्सिराङ गाउँपालिकामा बालबालिका, सुत्केरी तथा गर्भवतीमा कुपोषणको दर उच्च देखिएको छ । राक्सिराङमा भने यस वर्ष कुपोषणका कारण ज्यान गएको घटना नभएको पालिकाका स्वास्थ्य शाखाले बताएको छ । अशिक्षा र गरिबीको चपेटामा रहेको चेपाङ समुदायमा कुपोषणको समस्या घट्न नसकेपछि त्यसको पहिचान र उपचारका लागि कैलाश गाउँपालिकाले चालु आवदेखि कुपोषण निराकरण अभियान चलाउँदै आएको छ ।

पालिकाले कडा शीघ्र कुपोषण भएकालाई बहिरंग स्वास्थ्यउपचार केन्द्र नै स्थापना गरी तथा मध्यम शीघ्रकालाई नियमितरुपमा पौष्टिक आहार उपलब्ध गराउँदै आएको छ । पालिकाले 'कुपोषणरहित गाउँपालिका, हाम्रो अभियान' सहित हरेक टोलमा पुगेर कुपोषितको 'खोज र उपचार गर' अभियान चलाएको हो । अभियानअन्तर्गत गाउँपालिकामा चालु आवमा ३४ महिला र ४८ बालबालिकामा कुपोषण पाइएको थियो । जसमध्ये २६ जना कडा शीघ्र कुपोषित र ५६ जना मध्यम शीघ्र कुपोषित रहेका भेटिएका हुन् । गाउँपालिकाको स्वास्थ्य शाखा, स्वास्थ्यचौकीका कर्मचारी र स्वास्थ्यस्वयंसेविका १० वटै वडामा परिचालन गरी एक साताको अभियान चलाएर कुपोषित गर्भवती र सुत्केरी महिला र बालबालिकाको खोजी गरिएको गाउँपालिका स्वास्थ्य शाखाले जनाएको छ । अशिक्षा, गरिबी र बालविवाहका कारण गाउँपालिकामा कुपोषण बढिरहेको कैलाश गाउँपालिकाले जानकारी दिएको छ । कुपोषितको उपचारका साथै उनीहरुलाई आयआर्जनमुखी काममा जोड्न तरकारीको बीउ वितरण, उन्नत जातको बाख्रा वितरण पनि गरिएको गाउँपालिकाले जनाएको छ । कैलाशसँगै जोडिएको चेपाङ बाहुल्य क्षेत्र राक्सिराङ गाउँपालिकामा पनि कुपोषित बालबालिका उल्लेख्य छन् । यहाँ ५ वर्षमुनिका ९८ बालबालिका कुपोषणले ग्रस्त छन् ।

पालिकाले उनीहरुका निम्ति पोषणको व्यवस्था गरेको छ । गतवर्ष बागमती प्रदेश स्वास्थ्य निर्देशनालयको अध्ययनअनुसार मकवानपुरमा ११ महिना उमेरसम्मका १ सय ४७ र १ वर्षदेखि २३ महिना उमेरका ७६ बालबालिका कुपोषणले ग्रसित रहेको पाइएको थियो । बागमती प्रदेशका १३ जिल्लामध्ये ११ महिनासम्मका बालबालिकामा सबैभन्दा धेरै कुपोषित ललितपुरका छन् । बागमती प्रदेशमा २३ महिनासम्मका १ लाख ५४ हजार ७ सय ५९ बालबालिका रहेकामा २ हजार ५ सय ९५ जना कुपोषणले ग्रसित छन् । कुपोषणग्रस्त बालबालिकामध्ये गम्भीर खालका कुपोषितको संख्या ९ सय ५५ रहेको निर्देशनालयले जनाएको छ । बालबालिकालाई कुपोषणबाट मुक्त गर्नका लागि सरकारले स्थानीय तहबाटै बालभिटा वितरण गरिरहेको भए पनि अधिकांश अभिभावकले बालभिटा नखुवाउने गरेको बताइन्छ । मकवानपुरको स्थानीय तहमा लक्ष्य र तथ्यांकअनुसार बालभिटा खाने बालबालिकाको संख्या ज्यादै न्यून छ । स्थानीय तहले बालभिटा खपत नभएपछि म्याद नाघेर नष्ट गर्नुपरेको स्वास्थ्यकर्मी बताउँछन् । स्वास्थ्य संघसंस्थामा आएका कुपोषणबाट ग्रसित बालबालिकाको अवस्था भने सुधार भइरहेको जनाइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छ्तिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असार २५ गते मंगलबार ९ जुलाई २०२४ । तृतीया, आषाढ शुक्लपक्ष । दिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ५:१६, सूर्यास्त ७:०१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सह्योगीको राम्रो साथ पाइनेछ | **तुला** | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ |
| **वृष** | : रोकिएका काम बन्ने योग छ | **वृश्चिक** | : समय उत्साहवर्द्धक छ |
| **मिथुन** | : लगानीको अवसर जुट्नेछ | **धनु** | : आम्दानी बढ्नेछ |
| **कर्कट** | : यात्रा अघि बढ्न सक्नेछ | **मकर** | : पितृधन लाभ हुनेछ |
| **सिंह** | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ | **कुम्भ** | : नयाँ ज्ञान प्राप्त हुनेछ |
| **कन्या** | : छिमेकमा असमझदारी बढ्नेछ | **मीन** | : कृषिमा हानि हुनेछ |

# नेपालको वर्तमान परिस्थिति र राजनीतिक निकास



✍धर्मनन्द श्रेष्ठ

देशको राजनीतिक अवस्था अस्थिर र तरल रहेकाले जनताले अपेक्षा गरेअनुसार विकास, सुशासन, भ्रष्टाचारमुक्त समाज हुन सकेको छैन । देशमा राजनीतिक समझदारी कायम गरी विकास निर्माण र आर्थिक सुधार हुनुपर्नेमा हुन सकेको छैन । विकसित मुलुक निर्माण गर्ने लक्ष्य र योजना सरकार एवं राजनीतिक दलको हुनुपर्नेमा राजनीतिक दलहरु सरकार सञ्चालन र सरकारमा सहभागी हुनेमा मात्र लागिपरेको देखिएकाले जनताको अपेक्षाअनुसार सुशासन, विकास र समृद्धिको चाहना पूरा हुन सकेको छैन ।

नेपाली कांग्रेस देशकै ऐतिहासिक पार्टी भएको हुनाले देश र जनताको लागि यो पार्टी थप जिम्मेवार हुन जरुरी छ । कांग्रेसले राणा शासन, पञ्चायती व्यवस्थाको विरुद्धमा आन्दोलन गरी लोकतन्त्र स्थापना गर्नका लागि प्रमुख दलको हैसियतले नेतृत्व गरेको थियो । त्यस्तै २०४७ सालको संविधान निर्माण गर्न र २०६२/६३ सालको जनआन्दोलनको नेतृत्व गरी नेपाली जनताको चाहनाअनुसारको व्यवस्था ल्याउन कांग्रेसले नै प्रमुख भूमिका खेलेको थियो । लोकतान्त्रिक संविधान ल्याउन पनि कांग्रेसकै भूमिका रहेको थियो । यति बेला भएको नेपाली कांग्रेस र नेकपा एमालेको सत्ता समीकरण पनि स्वागतयोग्य छ । अब देशका लागि आवश्यक संविधान र कानुन संशोधनका लागि यो गठबन्धन सक्रिय रहनु आवश्यक छ । चुनावअघिदेखि कांग्रेसले सरकारको नेतृत्व लिने भएको छ । यसबाट हामी थप उत्साहित भएका छौँ ।

देशको अप्ठ्यारो तथा कठिन अवस्थाको नेतृत्व गरी संघ, प्रदेश र स्थानीय निकायको निर्वाचन गर्ने प्रमुख भूमिका पनि नेपाली कांग्रेसकै नेतृत्वमा सम्भव भएको हो । देशमा व्याप्त रहेको राजनीतिक द्वन्द्व, माओवादीको जनविद्रोहबाट देशमा ठूलो अशान्ति सृजना भएको बेला पनि देशमा शान्ति स्थापना गर्न कांग्रेसकै प्रमुख नेतृत्व रहेको थियो । आजसम्म आइपुग्दा देश र जनताले कांग्रेसकै नेतृत्व खोजिरहेको हुनाले देशको विकास, सुशासन, जनताको आर्थिक उन्नति गर्नका लागि अनि राजनीतिक स्थायित्वका लागि पनि नेपाली कांग्रेसले नेतृत्व गर्नुपर्ने अवस्था र आवश्यकता छ । देशमा विकास र समृद्धि पूरा हुन नसकेको प्रमुख कारणमध्ये भ्रष्टाचार हो । त्यसैले २०४६ सालपछि सार्वजनिक पद धारण गरेका कर्मचारीदेखि राजनीतिज्ञको समेत सम्पत्ति छानबिन गरी स्रोत नखुलेको सम्पत्ति जफत गरेर विकास निर्माणमा लगाउनुपर्छ ।

देशमा भएका भ्रष्टाचार नै ठूला आयोजनाहरु, राष्ट्रिय स्तरका योजना र कुनै पनि विकास निर्माण समयमा सम्पन्न हुन नसक्नुको प्रमुख कारण हो । भ्रष्टाचार मौलाएकै कारणले आर्थिक, सामाजिक विकास, सुशासन कायम गर्न सकिएको छैन । यसलाई सम्बोधन गर्न नेपाली कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ । साथै आम नेपालीलाई महसुस हुने गरी कानुन, नीति निर्माण गरेर जनतामा भरोसा हुने गरी कार्य गर्नुपर्दछ । अख्तियार, सम्पत्ति शुद्धीकरण जस्ता निकायलाई सफल र सक्षम बनाउनुपर्दछ । भ्रष्टाचार हरेक निकायमा सेटिङको प्रक्रियाबाट हुने भएको हुनाले भ्रष्टाचार हुने क्रियाकलाप पहिला बन्द गर्नुपर्दछ । लोक सेवामा प्रवेश गरी मालपोत, भन्सार, राजस्वमा संलग्न भई भ्रष्टाचारमा संलग्न रहेको व्यक्ति पनि अख्तियार र सम्पत्ति शुद्धीकरण कार्यालयमा आउन मिल्ने कानुनको कारण भ्रष्टाचार नियन्त्रण हुन सकेको छैन । त्यसैले नेपाली कांग्रेसले नै यस्ता बाध्यकारी कानुन संशोधन गर्न प्रमुख भूमिका निर्वाह गर्न जरुरी छ ।

देशभरि फैलिरहेको महँगीलाई नियन्त्रण गर्न औद्योगिक कानुन, ऐन, नियम व्यवस्थित गरिनुपर्छ । आम युवाहरुलाई स्वदेशमै रोजगारीको सृजना गर्नुपर्छ । उद्योग व्यवसाय र उत्पादनमा युवाहरुलाई जोड्नुपर्छ । देशमा उत्पादन कम हुँदै गएकोले महँगी बढ्दै गएको हो । खेतीपातीमा काम गर्ने युवाहरु विदेशिएपछि उत्पादनमा कमी आउनु स्वाभाविक हो । विदेशबाट सामान ल्याउनुपरेपछि महँगी बढ्दै जानु स्वाभाविक नै हो ।

यसै मेसोमा भन्नुपर्दा नेपाली कांग्रेस संसदीय व्यवस्था र लोकतन्त्रको पहिलो पहरेदार हो । अहिले पनि देशको प्रमुख पार्टी पनि कांग्रेस नै रहेको छ । सोहीबमोजिम देशको आर्थिक अवस्था सुधार गर्न र भ्रष्टाचार नियन्त्रण गर्न, जनताले चाहेको सुशासन, आर्थिक उन्नतिमा कांग्रेसले विश्वासयोग्य वातावरण सृजना गर्नुपर्छ । आगामी निर्वाचनमा राजनीतिक स्थायित्व कायम गर्न नेपाली कांग्रेसलाई बहुमतका साथ जनताले जिताउने नै छन् भन्ने हामीले विश्वास लिएका छौँ ।

त्यसका लागि कांग्रेसले पूर्वतयारी गर्नु आवश्यक छ । पार्टीका भ्रातृ संगठनहरुलाई नियमितरुपमा सक्रिय गरी आम नागरिक र समाजमा कांग्रेसप्रतिको विश्वास अनि भरोसा कायम गर्ने वातावरण निर्माण गर्नुपर्छ । यो पृष्ठभूमिमा र कांग्रेसले गरेको जनपक्षीय कार्यले आगामी निर्वाचनमा कांग्रेसको शानदाररुपमा बहुमत आउने अवस्था छ ।

नेपालमा कांग्रेसमा प्रजातान्त्रिक र विधिअनुसार वडा समितिदेखि केन्द्रीय स्तरसम्म नेतृत्व गर्ने परम्परा रहिआएको छ । केन्द्रदेखि तल्लो तहका निकायसम्म कार्यकारिणी पद दुईपल्टको मात्र हुने व्यवस्थाले युवाहरुसमेत नेतृत्वदायी भूमिकामा पुग्ने अवस्था सृजना भएको छ । देशमा आर्थिक, सामाजिक विकासका लागि सरकारको नेतृत्व युवाहरुबाट समेत हुने अवस्था सृजना गर्न राजनीतिक पदहरु राष्ट्रपति एक व्यक्ति एकपटक मात्र हुनुपर्ने, प्रधानमन्त्री पनि एक व्यक्ति एकपटक मात्र हुने र पूरै कार्यकाल प्रधानमन्त्री पद सञ्चालन गरेको व्यक्तिले मात्र पुन: एकपटक प्रधानमन्त्री बन्न पाउने कानुन निर्माण गरी दुईपटकभन्दा बढी प्रधानमन्त्री हुन नपाउने व्यवस्था हुनुपर्छ । यस्तै स्थानीय निकायको प्रमुख, प्रदेशसभा प्रमुखदेखि प्रतिनिधिसभामा समेत एक व्यक्ति दुईपटकभन्दा बढी एउटै पदमा बस्न नपाउने व्यवस्था हुनुपर्छ ।

यति बेला नेपालमा देखिएको सहकारी समस्या समाधान गर्नु सरकारको प्रमुख दायित्वभित्र रहनुपर्छ । लाखौं जनताको बचत सुरक्षा हुनुपर्छ । जुन सहकारीमा समस्या देखिएका छन्, ती सहकारीहरुको बचतकर्ता, ऋणी, सञ्चालक समिति, विभिन्न उपसमितिहरुसमेत सहकारीकै सदस्य रहने हुनाले सहकारीलाई समस्याबाट मुक्त गर्न नसकिएको देखिन्छ । त्यसैले उपयुक्त नियम कानुन परिपालन गराई, सहकारीका विकृति-विसंगति हटाई, देशको आर्थिक अवस्था सुधार गर्नका लागि तीनखम्बे अर्थनीति अभिलम्बन गरी, किसान श्रमिक र उद्योगीको हितको लागि सहकारीको पूँजी परिचालन गरी, देशको आर्थिक व्यवस्था सुधारसमेत सहकारीमार्फत गर्न सकिन्छ । कुनै पनि देशमा चर्को ब्याज लिने-दिने क्रियाकलापले आर्थिक उन्नति र उत्पादन बढ्न सक्दैन ।

बचतकर्ताहरुलाई १० देखि २४ प्रतिशतसम्म बचतमा ब्याज दिई सञ्चालन गरेकोलाई अवैध घोषणा गर्नुपर्छ । साथै उत्पादन र व्यवसायमा अवैध कारोबार रोक्ने उपाय अवलम्बन गर्नुपर्छ । १० प्रतिशतभन्दा बढी ब्याजको कारोबारलाई अवैध घोषणा गर्नुपर्छ । ऋण लगानी, चक्रवर्ती ब्याजमा लगानी चेकमार्फत गर्ने गरिएकोले चेकको कारोबार फौजदारी ऐनअन्तर्गत राखिएकोले त्यसलाई हटाउनुपर्छ । भ्रष्टाचारी, तस्करीको समेत रकमको लेनदेन चेकमार्फत गर्ने गरिएकोले तत्कालै त्यसलाई देवानी ऐनअन्तर्गत राख्ने ऐन कानुन बनाउनुपर्छ । बचतमा अधिकतम ८ प्रतिशत मात्र ब्याज दिनुपर्ने, ऋण लगानीमा अधिकतम १० प्रतिशत मात्र लिने व्यवस्था गरी नेपालमै सहकारीमार्फत सामूहिक कृषि, पर्यटन र उद्योगमा लगानी गरेर रोजगारी एवं सुदृढ आर्थिक अवस्था सृजना गर्नुपर्दछ ।

देशमा भइरहेको अस्थिर राजनीतिका कारणले जनताको विकास, समृद्धि, सुशासनको चाहना पूरा गर्न नसक्दा हालको व्यवस्था, राजनीतिक दल, नेताप्रति जनआकर्षण घट्दै गइरहेको छ । आम जनतामा राजनीतिप्रति निराशा पैदा भएको हुनाले सरकार र प्रमुख राजनीतिक दलहरु पद र पावरको लागि मात्र हाबी भइरहेको अवस्थाले आम नेपाली जनता आजित छन् । सबै पार्टीहरु मिलेर विकास निर्माण गर्नुपर्दछ । राजनीतिक द्वन्द्व न्यूनीकरण गर्न पनि प्रमुख दलहरु नै संगठित हुनुपर्ने अवस्था छ । मुलुकको यो अवस्थामा राजनीतिक निकास दिने प्रमुख शक्ति भनेको नेपाली कांग्रेस भएकोले यो पार्टीमा एकताबद्ध र संगठित हुन आम जनतालाई अपिल छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# गर्न दिने देउवा, आफैं गर्ने ओली

✍ डा. मीनेन्द्र रिजाल

संयोगवश म कांग्रेस समर्थनको माधवकुमार नेपाल मन्त्रिपरिषद्, अनि एमाले समर्थनको सुशील कोइराला मन्त्रिपरिषद् दुवैमा मन्त्री बन्न पुगेको व्यक्ति हुँ । रोचक के छ भने ती दुवै कार्यकाल २०-२० महिनाका थिए । दुई ठूला प्रतिस्पर्धी दलहरू एकठाउँ बसेर सहकार्य गर्दाको अनुकूलता र प्रतिकूलतालाई नजिकैबाट भोग्ने, अवलोकन गर्ने मौका मलाई प्राप्त भयो । अहिले माधवजी एमालेमा नभए पनि २०६६ सालमा उहाँ कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाले प्रस्ताव गरेपछि एमालेको प्रधानमन्त्री बन्नुभयो । पहिलो संविधानसभा चुनावबाट पहिलो बनेको माओवादीका अध्यक्ष प्रचण्डले प्रधानमन्त्रीबाट राजीनामा दिएपछि कांग्रेस र एमालेको सहकार्य भयो ।

२०७० को दोस्रो संविधानसभा चुनावपछि पहिलो र दोस्रो ठूलो पार्टी बनेका कांग्रेस र एमालेले संविधान निर्माणको बाँकी काम सम्पन्न गर्न तत्कालीन पार्टी सभापति सुशील कोइरालाको नेतृत्वमा सत्ता सहकार्य गरेका थिए । इतिहासको त्यस्तै अर्को मोडमा कांग्रेस र एमाले दुई ठूला पार्टीका रूपमा सत्ता सहकार्यको सहमति गरिसकेका छन् । कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीले यसको पहल गर्नुभएको छ । पहिलो चरणमा ओलीजी, दोस्रो चरणमा देउवाजी प्रधानमन्त्री बन्ने सहमति उहाँहरूको बीचमा छ । सुरुमा यो सत्ता सहकार्य गर्नका लागि देउवाजी र ओलीजीको रुचि कहाँनेर जोडियो भन्नेमा विश्लेषण गरौं ।

८० वर्ष पुग्नुभएका देउवा आफ्नो क्रियाशील राजनीतिको पछिल्लो इनिङमा हुनुहुन्छ । उहाँका दुई चाहना छन् । पहिलो, आगामी आमचुनावमा कांग्रेसको राम्रो प्रदर्शन होस् । दोस्रो, आगामी पार्टी महाधिवेशनबाट आफ्नो विगत योगदानलाई इज्जत र न्याय गर्ने पात्रलाई नेतृत्व सुम्पिन पाइयोस् ।

**पहिलो चाहनाको अन्तर्यमा छिरौं :** देउवा सभापति भएर आएपछि उहाँले नेतृत्व गरेको २०७४ को आम चुनावमा कांग्रेसले समग्रमा देशभरिबाट मत बढी पाए पनि सिट संख्याका हिसाबले निकै कमजोर प्रदर्शन गरेको थियो । २०७९ को चुनावमा सिट त बढ्यो, मत भने झन् घटेको थियो । यसरी कांग्रेस प्राविधिक ढंगले मात्रै पहिलो पार्टी बन्न सक्यो । आफूले नेतृत्व गर्दा बेला कांग्रेस पहिले जस्तो बलियो पार्टी बन्न सकेको छैन भन्ने भावनाले उहाँमा फेरि बलियो पार्टी बनाएर अर्को पुस्तामा हस्तान्तरण गरिदिन पाए हुन्थ्यो भन्ने चाहना छ ।

**दोस्रो चाहनाको अन्तर्य पनि यस्तै प्रकारको छ :** कांग्रेसमा सभापतिको तेस्रो कार्यकाल नहुने भएकाले उहाँ त्यस्तो कामलाग्दो व्यक्तिलाई अर्को सभापति बनाउन चाहनुहुन्छ, जसले आफ्नो विगतको विरासतलाई न्यायपूर्ण आवाज देओस् । इतिहासमा आफूले गरेको संघर्षको सम्मान गर्न सकोस् ।

यी दुवै चाहनाका लागि आगामी साढे तीन वर्षको पृष्ठभूमि महत्वपूर्ण छ, जो उहाँ उपयोग गर्न चाहनुहुन्थ्यो । त्यसैले देउवाका लागि यो निकै महत्वपूर्ण समय हो । अब ओलीको रुचिको कुरा गरौं ।

**पहिलो, ओलीजी चुनौती चिर्न चाहनुहुन्थ्यो :** कतिपय पार्टीको दोस्रो तहमा नेतृत्वको प्रतिस्पर्धालाई लिएर खजमज चलिरहँदा ओली आफ्नो दलमा चुनौतीरहित रहँदै आउनुभएको थियो । एमालेभित्र पछिल्ला वर्षहरूमा उहाँको एक्लो नेतृत्व स्थापित हुँदै आएको पनि हो । तर पछिल्लो दिनमा एमालेमा अब ओली मात्रै होइनन् है, कोही अर्को व्यक्ति पनि हुन सक्छ भनेर भित्र-बाहिर सर्वत्र चर्चा चल्न थाल्यो । को पात्र फेरि एमालेको नेतृत्वमा आउन लाग्यो, जसलाई ओलीले आफ्नो चुनौती देख्नुभयो भन्ने बारेमा म यहाँ विस्तारमा भन्न चाहन्नँ, नेपाली राजनीति बुझ्नेले यति कुरा सहजै बुझिहाल्छन् ।

नेपालको राजनीतिमा योगदान गर्न सक्छु भनेर जुन महत्वाकांक्षा र आत्मविश्वास सहित ओली आउनुभएको छ, उहाँको बुझाइको गहिराइलाई पार्टीभित्रै कतिपयले बुझ्न नसकेको हो कि भन्ने देखियो । उहाँले आउने चुनावसम्म एमाले आफ्नै नेतृत्वमा जाओस् भनी चाहनुभएको छ । यसरी हेर्दा देउवा र ओली दुई नेताको उस्तै खालको स्वार्थ र चाहनाले यो गठजोड सम्भव भयो ।

**दोस्रो, प्रचण्डको आधारहीन आकांक्षा तोड्ने इख :** २०७९ को चुनाव परिणामले तेस्रो दल बनेको माओवादी केन्द्रका अध्यक्ष प्रचण्डजीले कांग्रेस र एमालेको पालैपालो समर्थनमा सरकार चलाउन पाउनुभयो । तर उहाँले जसरी सरकार सञ्चालन गर्नुभयो, त्यहाँ ठूलो गल्ती भयो । यी दुईवटा ठूला पार्टीलाई हल्लाएरै शासन चलाइरहन पाउँछु, सक्छु भन्ने आधारहीन आकांक्षा प्रचण्डमा देखियो । यथार्थ के थियो भने सबैभन्दा ठूलो दल कांग्रेस, अनि समानुपातिकमा सबैभन्दा बढी मत पाएको एमालेका ऐतिहासिक आधारलाई अहिलेसम्म नेपालमा कसैले हल्लाउन सक्ने अवस्था छैन । भोलि हल्लियो भने बेग्लै कुरा हो ।

प्रधानमन्त्रीको छेउमा बसेर अहिलेको राजनीतिक स्पेस प्रयोग गर्दै आएका नयाँ शक्ति, जसले निराशाको जनमतलाई आकर्षित गर्दै तत्कालै पार्टी बनाए, ती समेतले कांग्रेस र एमालेको परम्परागत जनाधारको ढुंगा हल्लाउन खोजे । यी दुवै खाले शक्ति अहिले सत्ताबाट बाहिरिने क्रममा छन् । बाहिरिँदै गरेका दलप्रति सम्मानभाव र शालीनताको भाव सहित म टिप्पणी गर्छु- लोकतन्त्रमा जनताको समर्थनको आधार, ऐतिहासिक आधार, अनि भोलि बन्न सक्ने आधार हेर्दै दलहरूले आफ्नो स्पेस बनाउने हो । तर पछिल्लो दिनमा यो सीमा कतिपयले बिर्सन खोजेको जस्तो देखिन्थ्यो । तब कांग्रेस र एमालेले राजनीतिक स्थान जोगाएर अघि बढ्नुपर्छ भन्ने लाग्यो ।

नेपालमा बेवास्ता गर्नै नमिल्ने अर्को पक्ष हो, भूराजनीति । छिमेकका स्थायी स्वार्थलाई नेपालका स्वार्थसँग मिलाएर व्यवस्थापन गर्नेभन्दा सबैलाई कुरा गरिदिएको भरमा भूराजनीतिलाई चाहिनेभन्दा बढ्ता ठाउँ दिइयो । सरकार बन्ने-भत्किने क्रममा पनि यो देखियो । अनि सरकारका प्रमुखको काम गर्ने शैलीले यो कमजोरी प्रस्फुटन गरिदियो । नेपालको राजनीतिमा कम्युनिस्टहरू मिल्नुपर्छ कि पर्दैन भन्ने बहस आजको होइन । यो त कम्युनिस्ट आन्दोलन स्थापनाकालदेखि नै छ । परिणाम के देखियो भन्ने परिभाषामा भूराजनीतिभन्दा बाहिर कोही नेताहरू उभिन खोजेको हो कि जस्तो देखिन खोजेको थियो ।

त्यसैले पहिलेको गठबन्धन, अनि अहिलेको गठबन्धनमा पनि वाम एक ठाम रहन सकेनन् । यस्तो अवस्थामा देउवा र ओली जस्ता परिपक्व नेताले नेतृत्व गर्दा नै राम्रो र बलियो नतिजा आउँछ भन्ने तात्विक आधार देखियो ।

**संविधानको स्वामित्व :** नेपालमा कष्टसाध्य प्रयासले संविधान बनाएको हो, जसको स्वामित्व कांग्रेस, एमालेले लिन्छन् । सुरुमा संविधान बन्दैन कि भन्ने थियो । त्यसबेला हतारोमै बनाउँदा पर्याप्त अध्ययन र विवेचना नगरिएको पनि होला । सबै समानुपातिक सांसदलाई राष्ट्रिय सभामा लैजाने कि भन्ने तर्क आएको छ । खासमा प्रतिनिधिसभा र राष्ट्रिय सभाले अलग-अलग सोच र भूमिकालाई अभिव्यक्त गर्छन् । कतिले त प्रत्यक्ष निर्वाचित कार्यकारी भए पुगिहाल्यो भन्छन् । मानौं, कार्यकारी आएपछि संसद् नै रहँदैन । यस्तो किसिमको अपरिपक्व चिन्तन पनि समाजमा देखियो ।

समाजमा कतिपय यस्ता सीमान्तकृत र अल्पसंख्यक समुदाय छन्, जसको प्रतिनिधित्व गर्नकै लागि प्रतिनिधिसभा चाहिन्छ । खालि हारजितको कुरा मात्रै होइन । त्यसैले कतिपय समुदाय जसको प्रतिनिधित्व नभइकन प्रतिनिधिसभा हुनै सक्दैनथ्यो । अर्कोतर्फ अहिले बनाएको मिश्रित निर्वाचन प्रणालीले २७५ सिटको सभामा कुनै एउटा दलले बहुमत ल्याउन नसक्ने जस्तो भयो । २०८४ मा पनि एकले अर्कोलाई यसैगरी झुक्याएर गठबन्धन नहोला भन्न सकिन्न । किनभने कसैले धेरै सिट जिते पनि ८०-८५ सिट प्रत्यक्षमा जित्ला । समानुपातिकमा ४० जति आउला । फेरि पनि बहुमत त हुँदैन । सानो कुनै दललाई लिएर मात्रै बहुमत पुऱ्याउन सक्लान् । २०७४ मा वाम गठबन्धन गरेर बढी सिट पाए होला, तर अरू सामान्य बेला सम्भव हुँदैन ।

त्यसैले यी पार्टीहरूले निर्वाचनमा एक्लाएक्लै लडेर बहुमत ल्याउन सक्ने अवस्था पनि बन्न सक्ने, समानुपातिक प्रणालीबाटै कतिपय समुदाय र क्षेत्रको प्रतिनिधित्व पनि जोगाउन सकिने उपाय खोज्नुपर्ने भयो । ठूलो दलले सरकार बनाउने स्वस्थ लोकतान्त्रिक परम्परालाई संविधानले अनि मात्रै प्रबन्ध गर्न सक्ने भयो ।

अनि कतिपय प्रबन्धहरू मिलाउनुपर्छ । जस्तो कि, दलको ह्वीप मान्नुपर्ने सांसदले संवैधानिक निकायका नियुक्ति, राजदूत इत्यादिको सुनुवाइ कसरी गराउलान् भन्ने प्रश्न पनि छ । प्रदेश र केन्द्रको समन्वय गर्दै विधेयक बनाउने, संघीय व्यवस्था बलियो बनाउने, पूँजीगत खर्च बढाउन संघ र प्रदेश दुवैले काम गर्ने अवस्था कसरी बन्छ भन्ने जिज्ञासा छ । विशेषज्ञहरूले शान्त भावमा बसेर कहाँनेर पुनरावलोकन, संशोधन गर्ने वातावरण पनि बन्न आवश्यक छ । संविधानले देखाएको बाटोबाट स्थायी, दीर्घजीवी बनाउन एउटा प्रयास चाहिएको छ ।

गठबन्धन साढे तीन वर्ष जानका लागि भने जसरी सबै कुरा जानुपर्ने हुन्छ । जिम्मेवारीमा बसेको मान्छेले गोलमाल गर्न थाल्यो भने सहकार्य लामो जाँदैन । २०८४ को चुनाव अन्यथा भएन भने कांग्रेस र एमाले नै पक्ष वा विपक्षमा लड्ने हुन् । दैनन्दिन राजनीतिको दबाब व्यवस्थापन गर्न, अनि संविधान अनुसारको राज्य शासन प्रणालीलाई अर्को चरणमा लैजान आवश्यक हुन्छ ।

**नेतृत्वको शैली :** ओलीजीमा अहिले पनि असाध्यै ठूलो योगदान गर्ने आत्मविश्वास देखिन्छ । विकास, देशनिर्माण, मानिसको जीवनका अनेक पहलुलाई हेर्नुभएको छ । तर त्यो दृष्टि आत्मविश्वासको तहभन्दा गहिराइ नखोजी चाँडै निष्कर्षमा पुग्नुभएको पनि हुन सक्छ । उहाँको तरिका मिलेन भनेर अर्कोले भनिदिंदा ओलीजीले त्यस्तो आलोचनालाई कसरी ग्रहण गर्नुहोला ?

त्यसैले सरकारमा बस्दा एकातिर रचनात्मक सुझाव र आलोचना सुन्न सक्ने, अनि प्रतिस्पर्धामा रहेको दलबाट त्यस्तो आलोचना आउँदाखेरि उहाँले कसरी लिनुहोला । यो विषय पनि त्यत्तिकै महत्वपूर्ण छ । क्याबिनेटमा त्यो राख्दाराख्दै सहकार्य समेत नबिगारी सहज ढंगले लैजाने प्रयास चाहिन्छ । एमालेबाट आउने साथीहरूको यसमा भूमिका नहोला, तर कांग्रेसका मन्त्रीको भूमिका हुन्छ ।

यता देउवाजीको कार्यशैली ओलीजीसँग मिल्दैन । देउवाजीले खास केही विषय बाहेक सानातिना कुरामा हात हाल्ने गर्नुहुन्न । उहाँ सीमित कुरामा ध्यान दिनुहुन्छ । जस्तो भावी नेतृत्व, पार्टीको विकास आदिमा मात्रै उहाँको ध्यान छ । अरूलाई काम गर्न मज्जाले स्पेस दिने देउवाजीको बानी छ ।

देउवाजीको शैलीलाई सकारात्मक भाषामा भन्दा डिट्याच्ड लिडरसिप अर्थात् अलग्गिएको नेतृत्व पनि भन्न सकिएला । आलोचनात्मक चेत राखेर भन्ने हो भने लेज्जे फेयर स्टाइल अफ् लिडरसिप अर्थात् अरूलाई नै गर्नका लागि अख्तियारी दिने नेतृत्वशैली पनि भन्न सकिएला । ओलीजी चाहिं डु एभ्रिथिङवाला हो । उहाँ सबै चिजमा आफैं जानकारी लिनुहुन्छ । धेरैजसो काम र नतिजा आफैं गर्न खोज्नुहुन्छ ।

त्यसैले दुई भिन्न दलका शीर्ष नेता, जसको शैली र सोच कतिपय अवस्थामा मिल्दैन, उहाँहरूलाई जोडिराखेर हिंड्नु आफैंमा चुनौती हो । कांग्रेस, एमाले यसै पनि खास प्रतिस्पर्धी पार्टी हुन् । सँगै हिंड्दा पनि त्यो भावना कहीं न कहीं अभिव्यक्त भइहाल्छ । मज्जाले २०८४ मा प्रतिस्पर्धा गर्ने पार्टीलाई जोडेर राखिराख्ने आधार चाहिन्छ । यसलाई कुनै पनि बेला क्षत-विक्षत बनाउन सक्ने चुनौती व्यवस्थापन गर्नुपर्छ ।

*क्रमश: पृष्ठ-३....*

# संसद्मा एमाले र माओवादी मुखामुख



काठमाडौं/असार १७ गते प्रतिनिधिसभा बैठकमा नेकपा एमाले र माओवादी केन्द्रका सांसदहरु सत्तापक्षको बेञ्चमा सँगै थिए । पाँच दिनपछि आइतबार बसेको प्रतिनिधि सभाको बैठकमा एमाले सांसदहरुको ठाउँ फेरियो । नेपाली कांग्रेससँग मिलेर आफ्नै नेतृत्वमा सरकार गठन गर्ने तयारीका साथ सरकार लाई दिएको समर्थन फिर्ता लिएको एमालेका सांसदहरु आइतबार प्रतिपक्षी बेञ्चमा बसे ।

आसन फेरिएसँगै दुई दलका सांसदहरुले एकअर्कोप्रति आशंका र अविश्वास प्रकट गरे । एमाले सांसदहरुले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको राजीनामा मागे । अल्पमतमा परिसकेपछि पनि सत्तामा बसिरहेको भन्दै आशंका गरे । अनि, सत्तारुढ माओवादी सांसदहरुले त्यसको प्रतिवाद गर्दै नयाँ गठबन्धनप्रति त्यस्तै आशंका गरे । प्रतिनिधिसभामा शून्य समयमा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले प्रधानमन्त्री प्रचण्डको राजीनामा मागे ।

कांग्रेस र एमालेबीच नयाँ राष्ट्रिय सरकार निर्माण गर्ने सहमति भएको भन्दै उनले भने, 'नयाँ राष्ट्रिय सरकार निर्माणको यो एउटा अभियानलाई सहयोग गर्न मार्ग प्रशस्तका लागि सम्माननीय प्रधानमन्त्रीज्यूलाई हार्दिक अनुरोध गर्दछु ।' शून्य समयमै माओवादीका सांसद लेखनाथ दाहालले जवाफ फर्काए, 'कसैले चाहँदैमा राजीनामा आउँदैन । तपाईंहरुको इच्छाले राजीनामा प्राप्त हुँदैन ।' संवैधानिक प्रावधान अनुसार सरकार अगाडि बढ्ने भन्दै उनले प्रधानमन्त्रीले विश्वासको मत लिने दिन असार २८ सम्म पर्खिन आग्रह समेत गरे ।

एमालेका सांसद रघुजी पन्तले राजनीतिमा नैतिकता हुने भन्दै त्यसको ख्याल गर्न प्रधानमन्त्रीलाई सुझाव दिए । संविधानले विश्वासको मत लिन ३० दिन समय दिएको भए पनि प्रधानमन्त्रीले स्पष्ट रुपमा बहुमत गुमाएकाले भावी राजनीतिलाई ख्याल गरेर पदमा रहन नहुने उनले बताए । 'उहाँलाई संविधानले समय दिएको छ । विश्वासको मत लिन्छु भन्ने अधिकार दिएको छ । तर, नैतिक पक्ष त्यो होइन', सांसद पन्तले भने ।

माओवादीका सांसद दाहालले आफूहरुलाई नैतिकताको पाठ नसिकाउन आग्रह गरे । 'संवैधानिक प्रावधान अनुसार विश्वासको मत खोज्नु अनैतिक हो ?', उनले भने ।

एमाले सांसद पन्तले भने आफूले छाडेपछि संविधानको कुन धारा अनुसार सरकार बन्छ भन्ने चिन्ता नलिन प्रधानमन्त्री प्रचण्ड र माओवादी केन्द्रलाई सुझाए । 'अल्पमतमा परिसकेपछि २ मा जान्छ कि ३ मा जान्छ (संविधानको धारा ७६(२) कि ७६(३) ? यो राष्ट्रपतिज्यूको चिन्ताको विषय हो । प्रधानमन्त्रीको काम बहुमत नभइसकेपछि तत्काल राजीनामा गरेर बाटो फुकाउने हो', पन्तले भने ।

संविधानको धारा ७६ मा सरकार गठन सम्बन्धी व्यवस्था छ । ७६(१) मा एकल बहुमतको सरकार, ७६(२) मा दुई वा दुई भन्दा बढी दलको सरकार र ७६(३) मा सबैभन्दा ठूलो दलको संसदीय दलका नेताको नेतृत्वको सरकार गठन हुने व्यवस्था छ । ७६(२) अनुसार गठन भएको प्रचण्ड नेतृत्वको सरकार र ाजनीतिक रुपमा अल्पमतमा परेको छ । २८ गते विश्वासको मत नपाए उनी स्वत: पदमुक्त हुनेछन् । तर त्यसपछि ७६(३) अनुसार संसद्को सबभन्दा ठूलो दलको नेताको हैसियतमा शेरबहादुर देउवा प्रधानमन्त्री बन्ने माओवादीको तर्क छ । माओवादी केन्द्रका सांसद माधव सापकोटाले संविधानको धारा ७६(३) मा लेखिएको व्यवस्था पढेर सुनाए ।

जहाँ भनिएको छ, 'प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरू भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ ।' यो व्यवस्था अनुसार ७६ (२) को प्रधानमन्त्रीले विश्वासको मत पाउन नसके ७६(३) अनुसारको सरकार बन्न सक्ने सांसद सापकोटाको तर्क छ ।

''राष्ट्रपतिले गर्न सक्नेछन् यस्तो कुरा छैन । गर्नेछन् भन्ने छ । प्रधानमन्त्रीज्यूले संसद्मा विश्वासको मत प्राप्त गर्न सके यो सरकार अगाडि जान्छ । विश्वास गुमाउनुभयो भने ७६ को उपधारा ३ बमोजिम नयाँ सरकार बन्छ' उनले भने, 'तपाईंहरुले भने जस्तो सजिलो मार्गप्रशस्त हामीले गरिदिनुपर्ने ?'

**संविधान संशोधनप्रति आशंका**

संसद्का दुई ठूला दल कांग्रेस र एमालेबीच संविधान संशोधन सहितका विषयमा मिलेर जाने र आलोपालो सरकारको नेतृत्व गर्ने १७ असारको मध्यरातमा सम्झौता भएको थियो । यो सम्झौतालाई नेकपा एमालेका सचिव योगेश भट्टराईले इतिहासको आवश्यकताको रुपमा व्याख्या गरे । 'यो मुलुकमा यस्ता केही ऐतिहासिक क्षण आउने गरेका छन् । यसलाई कतिपयले असामान्य भनेका छन् भने कतिपयले परिस्थितिको आवश्यकता भनेर व्याख्या गरेका छन्' सचिव भट्टराईले भने, 'सामान्यतया संसदीय व्यवस्था भएका मुलुकमा दुईवटा प्रमुख दलबीच सत्ता साझेदारी स्वभाविक मानिँदैन । र यो पटक पटक गर्ने विषय पनि होइन ।'

विगतमा देश संकटमा परेका बेला कांग्रेस र एमाले मिलेर अगाडि बढेको उल्लेख गर्दै उनले २०४६ सालको आन्दोलन र २०४७ संविधान निर्माण सम्झिाए । माओवादी सशस्त्र विद्रोहलाई शान्तिपूर्ण बाटोमा फर्काउन र संविधानसभाबाट संविधान बनाउन पनि कांग्रेस र एमाले मिलेको भन्दै उनले अहिले संविधान पुनरावलोकन गर्ने बेला पनि आफूहरु एक ठाउँमा आएको बताए ।

प्रधानमन्त्री प्रचण्डले समीकरण फेरिरहँदा राजनीतिक अस्थिरता भएको भन्दै उनले भने, 'हामीले विचार गर्‍यौं कि फेरि एमाले बाहिर बस्ने, कांग्रेस उहाँसँग साथमा जाने, कांग्रेस बाहिर जाने, फेरि एमाले भित्र जाने, यो रोटेपिङ्ले देशलाई कहीं पनि पुर्‍याउँदैन, घुमिफिरी रुम्जाटार भनेजस्तै पुष्पकमल दाहालको कुर्सी केही समय लम्बिन्छ तर मुलुकको समस्या जहाँको त्यहीं हुन्छ ।'

माओवादी सांसद सापकोटाले दुई ठूला दलका बीचमा अपारदर्शी सम्झौता भएको र त्यसले पनि राजनीतिक स्थिरता दिने आधार दिन नसकेको भनेर जवाफ फर्काएका छन् । 'फेरि पनि ठूलो दलबाट सर कारको नेतृत्व गर्ने कुरा त गर्नुभएको छैन । र बाँकी कार्यकाल सबै एउटै दलले सरकारको नेतृत्व गर्ने पनि भनिएको छैन । अनि यही हो स्थिरता ?', सांसद सापकोटाको प्रश्न छ ।

कांग्रेस र एमालेका बीचमा भएको सहमति सार्वजनिक नहुनु पनि संशयपूर्ण रहेको उनको आशंका छ । 'उहाँहरुले मध्यरातमा अमुक व्यक्तिका घरमा गर्नुभएको सम्झौता भित्र के छ ? हामीले हेर्न पाएका छैनौं' माओवादी सांसद सापकोटाले भने, 'यतिका दिनसम्म गुपचुप राख्नुपर्ने कुरा उहाँहरुलाई के भयले काम गरेको छ ? सबैभन्दा पहिला अनैतिकता र अपारदर्शिता त्यहाँबाट सुरु भएको छ ।'

माओवादीकी सांसद रुपा सोशी चौधरीले संविधान संशोधन गर्ने भनेपनि के कस्ता विषयमा संशोधन गर्ने हो भनेर नखुलाएकाले आशंका पैदा भएको बताइन् ।

गणतन्त्र, ३३ प्रतिशत महिला सहभागिता, धर्मनिरपेक्षता लगायतका व्यवस्था खारेज गर्ने त होइन भन्ने उनको आशंका छ । 'आशंका छ, कतै शान्तिको माला जपेर फेरि पनि देशलाई अशान्तिको बाटोमा धकेल्ने प्रयत्न त भइरहेको छैन ?' उनी प्रश्न गर्छिन्, '२०७२ सालको संविधानले दिएको अधिकार, संघीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक सहभागिता, ३३ प्रतिशत महिलाको सहभागिता, धर्मनिरपेक्षता खारेजीको गठबन्धन त होइन ?'

**कसले कसलाई दियो धोका ?**

प्रतिनिधिसभामा एमाले र माओवादी सांसदहरुले कसले कसलाई धोका दिएको भनेर पनि एक अर्कोलाई आरोपित गरे । एमाले सचिव भट्टराईले प्रचण्डले विगतदेखि नै एमाले र कांग्रेसका बीचमा समीकरण बनाउने र भत्काउने गरेको र पछिल्लो समय फेरि एमालेलाई सरकार बाहिर राख्ने गरी कांग्रेस सभापति शेरबहादुर देउवासँग संवाद गरेको बताए ।

आफूहरु प्रचण्ड नेतृत्वको सरकारलाई निरन्तरता दिने पक्षमा रहेको भएपनि प्रचण्डकै परिस्थिति बदलिएको उनले बताए । 'दिनहरु बित्दै जाँदा प्रधानमन्त्रीले जादुमय अंक भनिरहनुभएको थियो । त्यो यो जादुमय अंकले एमालेप्रति अविश्वास गर्न थाल्नुभयो' उनले भनेका छन्, 'हामीले गाइँगुइँ गाइँगुइँ सुन्यौ नेपाली कांग्रेस माननीय शेर बहादुर देउवालाई बोलाएर राष्ट्रिय सरकार बनाऔं भन्ने प्रस्ताव अगाडि बढाउनुभएछ ।'

माओवादी सांसद सापकोटाले भने कांग्रेससँग मिलेर सरकार बनाउन खोजेको एमालेले दाबी गलत भएको बताए । 'कमरेड र कमरेडका दललाई स्पष्ट होस्- भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको शपथ ग्रहणमा गएको कुरा सबैलाई थाहा छ । तपाईंकै दलको तत्कालीन कानुनमन्त्री पनि जानुभएको थियो' उनले भने, 'सम्माननीय प्रधानमन्त्री नेपाल फर्किएपछि कोही नेतालाई केही प्रस्ताव गरिएको छैन । तीनवटा नेता फेरि बसे हुन्छ, बूढानीलकण्ठलाई सोधे हुन्छ ।'

बरु एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्री प्रचण्डलाई एकथरी र कांग्रेस नेतृत्वलाई अर्कोथरी कुरा गरेको पनि उनको आरोप छ । भन्छन्, 'प्रधानमन्त्रीसँग बसेर नर्क गए पनि स्वर्ग गए पनि सँगै जाउँला भन्ने, अनि ललितपुरमा ड्राफ्ट गर्नका निमित्त आफ्ना नेतालाई खटाउने यो कहाँको नैतिकता हो ?'

*(स्रोत: अनलाइनखबर)*

# करिश्मा र प्रियंकासँग फिल्म खेल्दै दोहोरी गायिका कमला




काठमाडौं/गायन कलाले बाल्यकालमै कमला घिमिरेलाई ठूलो ख्याती दिलायो । पछि अध्ययनले गर्दा केही वर्ष गायनबाट टाढा देखिएकी उनी अहिले हर्लक्क बढेकी छन् । र, फेरि गायनमा सक्रिय देखिएकी छन् । यतिबेला लाइभ दोहोरीका कारण चर्चामा रहेकी उनी अब फिल्ममा पनि देखिने भएकी छन् । उनले फिल्म 'माइली'बाट डेब्यु गर्न लागेकी हुन् । यसै साताले उनले फिल्म साइन गरेकी हुन् ।

संगीतमा जस्तै फिल्ममा पनि आफूले दर्शकबाट माया पाउने कमलाको विश्वास छ । राजु परियार, कृष्ण कँडेल, मिलन लामा जस्ता चर्चित गायकहरुसँग उनले लाइभ दोहोरी गाइसकेकी छन् । र, उनका प्राय: दोहोरी युट्युबमा लाखौं हेरिएका छन् । उनले गाएका 'चिया छानेको', 'म्याउँ विरालो', 'रुन्छु बरिलै', 'धनगडीको बसमा', 'हान्छु तिमीलाई लौरीले' जस्ता गीतहरु पनि अत्यन्त चर्चित छन् ।

बाबुसाहेब बलामीको निर्देशन रहने 'माइली'मा अभिनेत्रीद्वय करिश्मा मानन्धर र प्रियंका कार्कीको पनि मुख्य भूमिका रहनेछ । यही असार अन्तिमबाट छायांकन सुरु गर्न लागिएको फिल्मलाई मकवानपुरको वीरखर्ग, कुलेखानी, काठमाडौंसहित दुबईमा पनि खिच्ने तयारी गरिएको छ । फिल्ममा शंकर अधिकारी 'घायल'को गीत, पटकथा तथा संवाद लेखन र राजेन्द्र बजगाईंको संगीत रहेको छ ।

निर्देशक बलामीले सत्य घटनामा आधारित भएर फिल्म बन्न लागेको बताए । फिल्ममा महिलाको पीडा र संघर्षलाई देखाइने उनको भनाई छ । 'दलित महिलाको श्रीमान् नभएपछि समाजले ऊमाथि कस्तो दृष्टि लगाउँछ ? उसलाई स-साना छोरीहरु हुर्काउन कति कठिन हुन्छ ? नेपाली समाजले जातीयताको आडमा कसरी प्रताडित गरिरहेको छ भन्ने विषयवस्तुमा फिल्म बन्नेछ', बलामीले भने ।

# 'खुस्मा'मा धीरज र उपासनाको विवाह



काठमाडौं/अभिनेता धीरज मगर र अभिनेत्री उपासना सिंह ठकुरीले पहिलोपटक एकसाथ काम गरेको फिल्म हो, 'खुस्मा' । आगामी असोज ३ गते अर्थात् संविधान दिवसको दिनबाट प्रदर्शनमा आउन लागेको फिल्मले उनीहरुबीच अंकुराएको प्रेम र वियोगको कथा भन्नेछ । द्वन्द्वकालीन समयको परिवेशमा तयार भएको फिल्ममा उनीहरु गाउँले चरित्रमा छन् । पूर्वी रुकुम क्षेत्रमा यो फिल्म खिचिएको हो ।

फिल्ममा धीरज र उपासनाको विवाह पनि हेर्न पाइनेछ । शनिबार उपासनाले इन्स्टाग्राममा मगर परम्पराअनुसार धीरजसँग भएको विवाहका तस्वीरहरु सेअर गरेकी छन् । जहाँ दुवै प्रेमिल भावमा देखिएका छन् । उनीहरुले मगर समुदायको परम्परागत पोषाक लगाएका छन् भने बटुकामा सगुन पिइरहेका छन् । दुवैको गलामा पातसहितको फूलको माला र निधारमा पहेँलो टीका देखिन्छ ।

उपासनाले यी तस्वीर आफ्नो 'फेभरेट' रहेको उल्लेख गरेकी छन् । उनी लेख्छिन्, 'यो कथालाई आफ्नो जीवनमा ल्याउने यात्रा मेरो लागि अद्भुत थियो । र, म तपाईंहरु सबैले यो अनुभव गर्न पर्खन सक्दिनँ ।' यसले फिल्मप्रति उनको उत्साह दर्शाउँछ । उनको पोस्टमा धीरजले 'मेरी प्रिय खुस्मा' भन्दै प्रेम व्यक्त गरेका छन् । र, धेरैले कमेन्टमा जोडी राम्रो देखिएको प्रतिक्रिया जनाएका छन् ।

धीरज र उपासनाका लागि 'खुस्मा'को सफलता अपरिहार्य जस्तै छ । धीरजको यसअघि 'बाबरी', 'एक भागवत् एक गीता' र 'ज्याकी : आई एम ट्वान्टीवान' गरी तीन फिल्म बक्स अफिसमा नराम्ररी चिप्लिए । उपासनाको भने 'डिसेम्बर फल्स' र 'हात्तीछाप' चलेनन् । यसैले उनीहरुलाई अब 'खुस्मा'प्रति ठूलो आशा छ । एकहिसाबले यो उनीहरु दुवैको करिअरकै लागि एउटा महत्वपूर्ण परीक्षा हो ।

# किन भेटिँदैन तस्करी गरेर नेपाल ल्याएको सुन ?

काठमाडौं/३२ क्वीन्टल सुन तस्करीको मुद्दा जिल्ला अदालत, काठमाडौंमा विचाराधीन छ । १८ असारमा दर्ता भएको मुद्दाको पेशी शुक्रबार न्यायाधीश अपिलमणि गौतमको इजलासमा परेको थियो, तर हेर्दाहेर्दैमा रह्यो । दावाजिन वाङको समूहले पानी तान्ने पम्प, स्मार्ट वाच लगायतका इलोक्ट्रोनिक सामान र ब्रेक सुमार्फत ३ हजार १९४ किलो ६६८ ग्राम सुन तस्करी भएको निष्कर्षसहित केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले सरकारी वकिल कार्यालयमा प्रतिवेदन बुझाएको थियो ।

त्यसका आधारमा सरकारी वकिलको कार्यालयले दावाजिनसहित ६१ जनाविरुद्ध अवैध सुन पैठारी, संगठित अपराधसहित सात वटा कसुरमा मुद्दा दायर गरेको छ, जसमा ६० अर्ब ८२ करोड २२ लाख ९१ लाख २७१ रुपैयाँ बिगो मागदाबी गरिएको छ । २ साउन २०८० मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार जाँच पास भएर बाहिरिँदै गरेको ६० किलो ७१६ ग्राम सुन राजश्व अनुसन्धान विभागले बरामद गरेको थियो ।

सुरुमा सीआईबीले ३६२ किलो ७७८ ग्राम सुन तस्करी गरेको निश्कर्षसहित दिएको अनुसन्धान प्रतिवेदनका आधारमा दावाजिनसहित २५ जनाविरुद्ध ३१ भदौमा सरकारी वकिलले सुन भन्सार चोरी पैठारी तथा संगठित अपराधको कसुरमा मुद्दा दायर गरेको थियो । जसमा ३ अर्ब ५० करोड २ लाख १६ हजार ५५२ रुपैयाँ बिगो मागदाबी गरिएको थियो । यो मुद्दा अदालतमा विचाराधीन नै छ । पूर्वन्यायाधीश डिल्लीराज आचार्य नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदनका आधारमा सीआईबीले दोस्रो चरणको अनुसन्धान गर्दा यो प्रकरणमा थप २० जना पक्राउ परे । सुन कारोबारको रकम सजिलो पे र पेवेल मोबाइल भुक्तानीमार्फत भएको आरोपमा ८ जना र सुन तस्करीकै प्रत्यक्ष जोडिएको आरोपमा १२ जना गरी २० जना पक्राउ परेका थिए ।

उनीहरुमाथिको पनि अनुसन्धानपछि सीआईबी तस्करी भएको सुन ३६२ किलो ७७८ ग्राम नभई ३ हजार १९४ किलो ६६८ ग्राम अर्थात करिब ३१ क्वीन्टल भएको निश्कर्षमा पुगेको छ ।

सीआईबी आफ्नो अनुसन्धानसँगै नेपाल विद्युतीय प्राविधिक समाज र त्रिभुवन विश्वविद्यालय भौतिकशास्त्र केन्द्रीय विभागको रायका आधारमा यो निष्कर्षमा पुगेको देखिन्छ । सुन गाल्ने कार खानाबाट सीआईबीले पार्टपूर्जा निकालिएका इलेक्ट्रोनिक सामानहरु बरामद गरेको थियो । दावाजिन समूहले सुन तस्करीका लागि ७ वटा कम्पनी खोलेका थिए ।

त्यसमध्ये ५ वटाले हङकङबाट सामान आयात गरेको भेटिएको छ । त्यसरी ल्याएको समानको पाटपूर्जा निकालेर सुन राखिएको अनुसन्धानबाट खुलेको अनुसन्धान अधिकृत डीएसपी सुन्दर तिवारी बताउँछन् । विद्युतीय प्राविधिक समाजले उक्त समानहरुको विश्लेषण गरेर १ हजार १५० किलो ४९ ग्राम फलाम प्रयोग हुने ठाउँका उपकरण निकालिएको निष्कर्ष दिएको थियो । १ हजार १५० किलो ४८९ ग्राम फलाम राख्न मिल्ने ठाउँमा सुन राख्दा कति परिमाणमा राख्न सकिन्छ भनेबारे सीआईबीले भौतिकशास्त्र केन्द्रीय विभागको राय लिएको थियो । विभागले दिएको रायअनुसार करिव ३२ क्वीन्टल सुन तस्करी भएको निष्कर्ष निकालिएको डीएसपी तिवारी बताउँछन् ।

तर बरामद भएको सुन भने उही ६० किलो ७१६ ग्राम छ । अरु सुन कहाँ गयो त ? सीआईबी प्रमुख एआईजी श्याम ज्ञवाली भन्छन्, 'जति पनि सुन आएको छ, त्यो यहाँको सबै पसलमा गएको छ ।' उनका अनुसार ३२ क्वीन्टल सुन तस्करी भएको समयमा वैधानिक रुपमा दिनमा १० किलो मात्र सुन आयात गर्न पाइने नेपाल राष्ट्र बैंकको नियम थियो ।

जबकी बजारमा ५० किलोसम्म माग रहेको सुनचाँदी व्यवसायीहरुले भन्ने गरेको भन्दै एआईजी ज्ञवालीले भने, 'नेपालको बजारमा जति माग छ, त्यो अवैध सेक्टरले पूर्ति गर्छ भन्ने छ ।' सीआईबीले नै अनुसन्धान गरेको भेप (विद्युतीय चुरोट) प्रकरणमा पनि सुन भेटिएको थिएन ।

१० पुस २०७९ मा फ्लाई दुबईको जहाजमार्फत चिनियाँ नागरिक लि हासोङले ल्याएको दुई वटा सुटकेस शंकास्पद देखिएपछि चेकजाँच गर्दा भेप देखिपछि विमानस्थल भन्सार कार्यालयले नियन्त्रणमा लियो । पासपोर्ट फिर्ता लिएर हासोङले पर्सिपल्टै काठमाडौं छाडे । भेप भने लामो समयसम्म भन्सारमै थन्कियो ।

*(स्रोत: अनलाइनखबर)*

# गर्न दिने देउवा....

स्वाभाविक प्रश्न उठेको छ, के देउवा र ओलीको मेलमिलाप कायम रहिरहला ? खासमा उहाँहरू दुईजना मात्रै होइन, हामी सबैजसो मानिस आधारभूत रूपमा उस्तै मानवीय स्वभावका हौं । अलि बढी अवसरवाद, अलि बढी धोका दिन कसलाई अभिरुचि हुन्छ भने, जसलाई अर्को पक्षलाई धोका नदिई आफू अघि बढ्न सक्दिनँ भन्ने लाग्ने गर्छ । उसले आफ्नो सुरक्षाका लागि भए पनि अर्कोलाई धोका दिनुपर्ने हुन्छ ।

यो गठबन्धन बन्नु भन्दा अघि कांग्रेस एमालेमा कहीं न कहीं एकअर्कामा विश्वास नभएको देखिन्थ्यो । आजको दिनमा आफ्नो क्षमता अनुसार पार्टीलाई विकसित गर्न सक्छु भन्ने आत्मविश्वास जागेर आउनसक्ने सम्भावना छ ।

उमेरकै कुरा गर्दा पनि ओली भन्दा देउवा ७/८ वर्ष जेठो हुनुहुन्छ । अनुभव पनि ओली भन्दा अलिकति बढी छ । बीपी कोइरालादेखि संगत गरेकाले देउवासँग एक्सपोजर पनि अलि बढी छ । देउवाको महत्वाकांक्षा एउटा सीमाभित्र रहने छ । सीमाभित्र रहने किन हो भने बीपीदेखि गिरिजाबाबुसम्म भएका अघिका सभापतिहरूलाई जितेर कहीं पुगौंला भनेर सोच्ने भन्दा त्यही परम्परा म एउटा थप सभापति भनेर आफ्नो जिम्मेवारी पूरा गरें भन्नु पनि धेरै ठूलो उपलब्धि हुन्छ ।

देउवाको विरासत नै कांग्रेसमा छ कि छैन भनेर एउटा भाष्य कहीं न कहीं निर्माण भएको छ । कांग्रेस भन्दा बाहिर पनि त्यो भएकाले पार्टीभित्र समाहित गर्न कसैले कोसिस गरिरहेको होला । कांग्रेस जति बिगार्ने काम भयो, देउवाका कारणले भयो भन्ने परेको छ । त्यो होइन भनेर सभापतिले स्थापित गर्नु छ ।

नेपालका नेताहरू मध्ये सबैभन्दा बढी मिहिनेत गर्ने नेता ओलीजी जस्तो लाग्छ । महत्वाकांक्षालाई सकारात्मक हेर्ने हो भने देशका लागि केही गरौं भन्ने छ । आजको दिनमा कांग्रेस भन्दा एमाले अलि बढी आत्मविश्वास भएको पार्टी छ । ओलीजीले आत्तिएर कसैलाई झुक्याउनुपर्ने कारण छैन । पार्टी र आफ्नो भविष्य अनिश्चित देखेका नेतालाई झुक्याउने बाहेक अरू उपाय बाँकी रहँदैन ।

कांग्रेस एमालेको गठबन्धन तीन वर्ष जानसक्छ, जानुपर्छ भन्ने सबैको चाहना पनि छ । त्यहाँ पुग्न पनि मामुली कठिनाइ छैन । प्रतिस्पर्धा गर्ने पार्टीलाई फेरि पनि प्रतिस्पर्धा गर्ने ठाउँसम्म कुनै दुर्घटना नगरी पुर्‍याउन कम कठिनाइ छैन । एमाले र कांग्रेस सरकारमा सँगै हुँदा भूराजनीति पनि महत्वपूर्ण छ । आफ्नै बुताले जानुपर्छ भन्ने एमाले, कांग्रेसमा भएको छ । भूराजनीतिक विषय पनि ध्यानपूर्वक सञ्चालन गर्नुपर्दछ ।

यी दुई दललाई उत्तर वा दक्षिणले मिलाइदिएको भनी कहीं देखाउनु पर्दैन । कांग्रेस एमाले सँगै सरकारमा भएको विगतदेखि नै स्थापित गरेका हौं नि ! एउटा समय थियो, एमालेको बलियो आधार नभएको बेला कांग्रेसले एक्लै डोर्‍याउन सक्थ्यो । २०४६ पछि एमाले बलियो शक्तिका रूपमा आयो । विशेषत: २०७० सालपछिको राजनीतिमा कता कता कांग्रेस भन्दा एमाले माथितिर जान्छ कि भन्ने आत्मविश्वास बढी देखिन थालेको छ । यी दुई दलले गर्न चाहँदा गर्न सक्छन् । भूराजनीतिलाई असन्तुलित बनाएर पार्टी र व्यक्तिगत महत्वाकांक्षा पूरा गर्नुपर्ने देखिँदैन ।

*(साभार: अनलाइनखबर)*

# १० वर्षपछि अभिनयमा फर्किइन् अरुणिमा




काठमाडौं/यतिबेला पुराना कलाकारहरुको कमब्याकको लहर चलेको छ । त्यसमा विशेषगरी अमेरिका बस्ने कलाकार ज्यादा छन् ।

अभिनेत्री पूजा चन्दले १९ वर्षपछि 'भूठान'बाट कमब्याक गरिन् । अभिनेत्री ऋचा घिमिरेले 'तेल भिसा'बाट र अभिनेता राजबल्लभ कोइरालाले 'एक्टर'बाट झन्डै एक दशकपछि पुनरागमन गरेका छन् । अब अर्की अभिनेत्री अरुणिमा लम्साल पनि अभिनयमा फर्किएकी छन् ।

यतिबेला अमेरिकामा छायांकनरत वेब सिरिज 'घर बट इन अमेरिका' बाट १० वर्षपछि उनले कमब्याक गरेकी हुन् । पछिल्लोपटक उनी फिल्म 'पिपल'मा देखिएकी थिइन् । कुनै बेला नेपाली फिल्ममा उनको राम्रो माग थियो । 'यस्तै र हेर्छ जिन्दगी'बाट डेब्यु गरेकी उनले आफ्नो करिअरमा ४० बढी फिल्ममा काम गरेकी छन् । विगत एक दशकदेखि अरुणिमा अमेरिकामा बस्दै आइरहेकी छन् ।

'घर बट इन अमेरिका' सिरिजलाई अभिनेता विमलेश अधिकारीले निर्देशन गरिरहेका छन् । यसमा उनी स्वयंको पनि मुख्य भूमिका छ । सिचुएशनल कमेडी-ड्रामा विधामा बन्ने सिरिजको सम्पूर्ण छायांकन अमेरिकामै गरिने विमलेशले बताए । विवेक चम्लागाईंको लेखन रहेको सिरिजले गोप्य रुपमा लिभ-इन रिलेशनसिपमा रहेकी छोरी र नेपालबाट अमेरिका पुगेका आमाबुवाको कथा भन्नेछ ।

सिरिजमा अमेरिकामै बस्दै आएका राधा लम्साल (अरुणिमाकी आमा) र खेम शर्माको समेत अभिनय छ । यही सिरिजबाट आशिष दाहाल, समारोह मैनाली र रोजिना थापाले डेब्यु गर्दैछन् । सेभेन कलर्स डिजिटलको निर्माण रहेको सिरिजको अवधारणा बिमलेश स्वयंको हो । सिरिजमा रोशन घिमिरे लाइन प्रोड्युसर, विवेक र साइलीको सहायक निर्देशन तथा पशुपति बस्यालको छायांकन छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बागमती प्रदेशभर ४० र मकवानपुरमा ३७ प्रतिशत रोपाइँ

साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ बागमती प्रदेशमा ४० प्रतिशतभन्दा बढी क्षेत्रफलमा धान रोपाइँ भएको छ ।



कृषि तथा पशुपन्छी विकास मन्त्रालयकाअनुसार प्रदेशको १३ जिल्लामा कूल एक लाख १४ हजार पाँच सय ६१ हेक्टर जमिनमा धान खेती हुने गरेकोमा असार २१ गते शुक्रवारसम्म जम्मा ४६ हजार ४५ हेक्टर क्षेत्रफल अर्थात ४०.१९ प्रतिशत रोपाइँ भएको छ ।

मन्त्रालयका सूचना अधिकारीले प्रदेशका १३ जिल्लामा सबैभन्दा बढी दोलखामा ६१ प्रतिशत रोपाइँ सकिएको जानकारी दिए । उनले धान रोपाइँ हुने कुल क्षेत्रफल २ हजार ८१४ हेक्टर रहेको दोलखामा अहिलेसम्म जम्मा १ हजार ७१७ हेक्टर क्षेत्रफलमा मात्रै रोपाई भएको छ । यस्तै सबैभन्दाकम रोपाइँ ललितपुरमा जम्मा २० प्रतिशत मात्रै भएको छ । यहाँ ४ हजार १६३ हेक्टर क्षेत्रफलमा धान रोप्ने गरिएको भएपनि यसवर्ष अहिलेसम्म यहाँ जम्मा ८३३ हेक्टर क्षेत्रफलमा मात्रै रोपाइँ भएको छ ।

मन्त्रालयका बालीविकास अधिकृत सुदीप भुजेलका अनुसार काठमाडौंमा ५ हजार ९२६ हेक्टर जमिनमध्ये २४ प्रतिशत अर्थात १ हजार ४२२ हेक्टर क्षेत्रफलमा, भक्तपुरमा ३ हजार ७१९ हेक्टरमा २४ प्रतिशत अर्थात ८९३ हेक्टर, २४ हजार २४७ हेक्टर क्षेत्रफलमा रोपाइँ हुने गरेको चितवनमा ४९.२८ प्रतिशत अर्थात जम्मा ११ हजार ९४८.२८ हेक्टरमा रोपाइँ सकिएको छ ।

त्यस्तै मकवानपुरमा ९ हजार ४५० हेक्टर जमिनमध्ये ३७.२ प्रतिशत अर्थात ३ हजार ५१५.४ हेक्टर क्षेत्रफलमा, नुवाकोटमा ११ हजार ६१२ हेक्टर जमिनमध्ये ३५ प्रतिशत अर्थात ४ हजार ६४.२ हेक्टर जमिनमा धान रोपाइँ सकिएको छ । त्यस्तै प्रदेशको र सुवामा १ हजार ९३ हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने गरेकोमा यसवर्ष ३८ प्रतिशत अर्थात ४१५.३४ हेक्टरमा, धादिङमा १३ हजार ६०० हेक्टर जमिनमध्ये ४ हजार ५०४.८२ हेक्टर अर्थात ३९.८२ प्रतिशत जमिनमा धान रोपाइँ सकिएको छ ।

सिन्धुलीमा ११ हजार १८८ हेक्टर जमिनमध्ये ४९ प्रतिशत अर्थात ५ हजार ४८२ हेक्टर जमिनमा, रामेछापमा ७ हजार ८५९ हेक्टर जमिनमध्य २२ प्रतिशत अर्थात १ हजार ७२९ हेक्टर जमिनमा, काभ्रेपलाञ्चोकमा १० हजार १०८ हेक्टर जमिनमध्ये ५३.८४ प्रतिशत अर्थात ५ हजार ४४३.३१ हेक्टर जमिनमा र सिन्धुपाल्चोकमा ८ हजार ७८२ हेक्टर जमिनमध्ये ४६.४ प्रतिशत अर्थात ४ हजार ७७.५५ हेक्टर जमिनमा धान रोपाइँ सकिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जानकारी दिएको छ ।

# मुख्यमन्त्री जम्कट्टेलले विश्वासको मत लिने, एमाले मन्त्रीले राजीनामा दिने

साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेशसभाबाट विश्वासको मत लिने भएका छन् । आइतबार बिहान काठमाडौंको पेरिसडाँडामा बसेको माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलको बैठकले मुख्यमन्त्री जम्कट्टेलले राजीनामा नदिने र विश्वासको मत लिने निर्णय गरेको हो ।



माओवादी केन्द्र बागमती प्रदेशका मुख्य सचेतक रत्नप्रसाद ढकालले विश्वासको मत लिने दलको बैठकले निर्णय गरे पनि मिति भने नतोकिएको जानकारी दिए । सत्तासाझेदार दल नेकपा एमालेले सरकारलाई दिएको समर्थन फिर्ता र मन्त्रीहरुले राजीनामा दिइनसकेको अवस्थाले विश्वासको मत लिने समय तोक्न नसकिएको मुख्यसचेतक ढकालले जनाए । बैठकमा साउनको पहिलो हप्ता विश्वासको मत लिनेबारे छलफल भएको उनले बताए ।

मुख्यमन्त्री जम्कट्टेल संसदीय दलको बैठक सकेर हेटौंडा आएका छन् । नेकपा एमालेले आज सोमबार बागमती सरकारलाई दिएको समर्थन फिर्ता लिने तयारी गरेको छ । एमाले बागमती प्रदेशका मुख्यसचेतक मधुसुदन पौडेलले एमालेका पाँचजना मन्त्रीले आजै राजीनामा बुझाउँदैछन् । गत शुक्रबार नै समर्थन फिर्तासहित मन्त्रीहरुको राजीनामा बुझाउने तयारी गरे पनि मुख्यमन्त्री जम्कट्टेल हेटौंडा नआएकाले रोकिएको मुख्यसचेतक पौडेलले जानकारी दिए ।

केन्द्रीय सत्तासमीकरणमा फेरबदल आएसँगै नेकपा माओवादी केन्द्रले नेतृत्व गरिरहेको बागमतीमा एमालेले समर्थन फिर्ता लिन लागेको हो । बागमतीमा एमालेबाट पाँचजना मन्त्री छन् । संसदीय दलका नेता जगन्नाथ थपलियासहित रामेश्वर श्रेष्ठ, केशव पोखेल, एकालाल श्रेष्ठ र प्रकाश श्रेष्ठ मन्त्री छन् ।

प्रदेशको दोस्रो कार्याकालमा एमाले दोस्रोपटक सरकारबाट बाहिरिँदै छ । २५ पुस २०७९ मा एमाले, राप्रपा, माओवादी केन्द्र र एकीकृत समाजवादीको सत्तासमीकरणबाट दोस्रो कार्यकालको पहिलो सरकार गठन भएको थियो ।

यो सरकार साढे २ महिनामात्रै टिक्यो र एमाले सरकारबाट बाहिरियो । १० चैत २०७९ मा मुख्यमन्त्री जम्कट्टेलले कांग्रेस र एकीकृत समाजवादीसँगको गठबन्धन सरकारका लागि विश्वासको मत लिए ।

२० फागुन २०८० मा फेरि एमालेसँग माओवादीको केन्द्रीय सत्तासमीकरण बनेसँगै बागमतीमा एमाले चैत पहिलो साता सरकारमा गएको थियो । एमाले, माओवादी, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको सरकार गठन भएको हो । केन्द्रीय राजनीतिमा कुनै नाटकीय परिवर्तन नभए बागमतीमा अब चौथोपटक एमाले र कांग्रेसको गठबन्धन सरकार बन्नेछ ।

# लियो क्लब अफ पिस थाहानगरको अध्यक्षमा खत्री

साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ लायन्स क्लब अफ थाहा पिसको मातृत्वमा गठित लियो क्लब अफ पिस थाहानगरको वर्ष २०२४/२५ को लागि अध्यक्ष पदमा शिशिरकुमार खत्री निर्बिरोध निर्वाचित भएका छन् ।

थाहानगरको डाँडाघरे बाको होमस्टे फाँटबजारमा भएको बोर्ड बिस्तार कार्यक्रममा खत्री अध्यक्ष पदमा चयन भएका हुन् । निर्वाचन अधिकृत कमल बिष्टका अनुसार क्लबका प्रथम उपाध्यक्ष पदमा शितल बिष्ट, द्वितीय उपाध्यक्ष पदमा प्रेराणा खत्री चयन भएका छन् ।

क्लबको कार्यसमितिमा अध्यक्ष खत्रीले सचिवमा अजय कार्की, कोषाध्यक्षमा बिराज थापा, सहसचिवमा नारायण कार्की, सहकोषाध्यक्षमा प्रशुमा बिष्ट, जनसम्पर्क अधिकारीमा स्मिता बिष्ट, सचेतकमा निशान्त प्रधान, टेमरमा सृष्टि गोपालीलाई मनोनित गरेका छन् ।

त्यस्तै अध्यक्ष प्रमुख सल्लाहकारमा बिनिता वाईवालाई मनोनित गरिएको छ । अध्यक्ष खत्रीले क्लब सल्लाहकारमा पूर्वअध्यक्षहरु अनित बिष्ट, गणेश बिष्ट, कमल बिष्टलाई मनोनित गरेका छन् । क्लबको नीति अनुसार वर्षभरि थाहा नगरपालिका लगायत संघ संस्थासंगको सहकार्यमा विविध संस्थागत र सामाजिक कार्यक्रम संचालन गरिने अध्यक्ष खत्रीले बताए ।

# ह्युमपाइप बगाउँदा बाटो अवरुद्ध

साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ मकवानपुरको मकवानपुरगढीमा अबिरल वर्षाको कारण ह्युमपाइप बगाउँदा बाटो अबरुद्ध भएको छ ।

शनिबार वर्षाका कारण मकवानपुरगढी गाउँपालिका-२, बासपानी र सरमपुर जोड्ने सामरी खोलामा ह्युमपाइप राखि बनाएको बाटो बगाएको मकवानपुर प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार, ७-८ वटा ह्युमपाइप राखेर बनाएको बाटो बगाउँदा सुकौरा, बुढिचौर जाने सवारीसाधन आवत-जावतमा समस्या भएको छ ।

बाटोबारे प्रहरीलाई आइतबार मात्रै जानकारी भएको जनाइएको छ । मौसम सक्रिय भएसँगै परेको अबिरल वर्षाका कारण मकवानपुरको विभिन्न स्थानमा पहिरो जानुका साथै बाढी आएको छ ।

# एमालेका मन्त्री अनुपस्थित बागमती मन्त्रिपरिषद् बैठकमा के-के भए निर्णय ?

साझाकुरा संवाददाता

हेटौंडा, २३ असार/ बागमती प्रदेश सरकारको मन्त्रिपरिषद् बैठक आइतबार बस्यो । केन्द्रको सत्तासमीकरणबाट बाहिरिसकेको नेकपा एमालेले बागमतीमा हालसम्म समर्थन फिर्ता लिएको छैन ।



तर, नेकपा माओवादी केन्द्रका शालिकराम जम्कट्टेलले नेतृत्व गरिरहेको मन्त्रिपरिषद् बैठकमा आइतबार एमालेका पाँचजना मन्त्री नै अनुपस्थित रहे । बैठकमा मुख्यमन्त्रीसहित माओवादी केन्द्रका चारजना मन्त्री गंगानारायण श्रेष्ठ, युवराज दुलाल र कुमारी मोक्तान, नेकपा एकीकृत समाजवादीका ३ जना मन्त्री डा.राजेन्द्रमान श्रेष्ठ, लक्ष्मण लम्साल र रमा आलेमगर उपस्थित भए ।

मन्त्रिपरिषद् बैठकमा हाम्रो नेपाली पार्टीका शैलेन्द्रमान बज्राचार्य पनि उपस्थित छैनन् । एमाले संसदीय दलका नेता एवम् आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाका अनुसार मुख्यमन्त्री जम्कट्टेललाई भेटेर आज सोमबार राजीनामा बुझाउने तयारी भएको छ ।

यसैगरी, एमालेका मन्त्री अनुपस्थित रहेको मन्त्रिपरिषद् बैठकले चारवटा निर्णय गरेको छ । बागमती प्रदेश सरकारले भरतपुरस्थित निर्माणाधीन गौतमबुद्ध क्रिकेट रंगशालालाई १ करोड ८० लाख रुपैयाँ रकमान्तर गर्ने निर्णय गरेको हो । प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री श्रेष्ठका अनुसार चालु आर्थिक वर्षको लागि यो रकम भरतपुर महानगरपालिकालाई अख्तियारी दिने निर्णय भएको जानकारी दिए ।

प्रदेश सरकार र भरतपुर महानगरपालिकाबीच गत २०८० कात्तिक २१ को सहमति अनुसार क्रिकेट रंगशाला निर्माणका लागि प्रदेश सरकारको तर्फबाट व्योहोर्ने रकममध्ये १ करोड ८० लाख रुपैयाँ थप गरिएको हो । प्रदेश सरकारले यसअघि नै यो रंगशाला निर्माणका लागि ५ करोड रुपैयाँ बजेट पठाएको उनले बताए । ७५ करोड रुपैयाँ लगानी लाग्ने रंगशालाका लागि ७० प्रतिशत प्रदेश सरकारले व्यहोर्ने र ३० प्रतिशत रकम महानगरपालिकाले व्यहोर्ने सहमति भएको थियो ।

बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको आर्थिक वर्ष २०७९/८० को शासकीय सुधार तथा सुशासन सम्बन्धी प्रतिवेदन स्वीकृत गरेको छ । बैठकले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवको वैदेशिक भ्रमण स्वीकृत गर्ने निर्णय गरेको छ । बैठकले मन्त्रालयका सचिव विनोद कुमार भट्टराईको थाइल्याण्डमा असार २९ देखि साउन ४ गतेसम्म हुने अध्ययन तथा तालिममा सहभागी हुन स्वीकृति दिने निर्णय गरेको हो ।


"हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक"
"गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता"

**श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय**
हेटौंडा-४, मकवानपुर

**भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !**

शैक्षिक सत्र २०८१/०८२ को लागि कक्षा ११ मा (+2 science) मा नयाँ भर्ना खुल्यो

हामीलाई विश्वास गर्नुहोस्, तपाईंको सक्षमताको ढोका हामी खोल्छौं ।

**अध्यापन हुने विषयहरू**

| विज्ञान संकायतर्फ | शिक्षाशास्त्र तर्फ | व्यवस्थापन तर्फ |
| --- | --- | --- |
| क. भौतिक विज्ञान (Physics) | क. अंग्रेजी (English) | क. विजनेस स्टडिज (Business studies) |
| ख. रसायन विज्ञान (Chemistry) | ख. नेपाली (Nepali) | ख. अर्थशास्त्र (Economics) |
| ग. जिव विज्ञान (Biology) | ग. गणित (Math) | ग. गणित (Basic Math) |
| घ. कम्प्युटर विज्ञान (Computer) | | |

प्राविधिक तर्फ
क. कम्प्युटर सफ्टवेयर

**हाम्रो विशेषताहरू:**
- ब्रिटिस काउन्सिलद्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ISA 2020/2023 द्वारा सम्मानित मकवानपुरको पहिलो र एक मात्र विद्यालय
- पूर्ण मल्टिमिडियाको प्रयोग
- व्यवस्थित तथा उत्कृष्ट विज्ञान प्रयोगशालाको व्यवस्था
- विद्यार्थीको व्यक्तिगत पहिचान सहित तयारी
- कमजोरी विद्यार्थीलाई अतिरिक्त कक्षाको प्रबन्ध
- न्युनतम लागतमा अधिकत्तम सन्तुष्टि
- समाय समयमा अतिरिक्त क्रियाक्लाप संचालन हुने
- विभिन्न अन्तर्राष्ट्रिय प्रोजेक्ट माध्यमद्वारा (भारत, जापान, मलेसिया, बेलायत, इजिप्ट पेलिष्टाइनका विभिन्न विद्यालयहरुसँग) शिक्षण सिकाई क्रियाकलाप गरिरहेको
- गरिब तथा जेहनदार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था

मो सगिम (समिन खान) अध्यक्ष ९८११८८२२८६
श्री रामसागर गुरागाईं प्रधानाध्यापक ९८५५०६०९३३
श्री राजाराम पोखरेल ९८४५४६३१८८
श्री संतिश आचार्य ९८४५०३०७८७
श्री आधुनिक राष्ट्रिय मा.वि. ०५७-५२०७६६



**भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !**

**3 YEARS HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, PADIOGRAPHY**

SEE/SLC पास पछिको ३ वर्ष प्रमाण पत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८१/०८२ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका, (SEE/SLC) परीक्षामा गणित, अंग्रेजी र विज्ञान विषयलाई समग्रमा Grade Point Average (GPA) न्युनतम २ प्राप्त हुनु पर्नेछ ।

**MTI का विशेषताहरू**
- उत्कृष्ट एवम् अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराइने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवम् मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराइने
- उत्कृष्ट ल्याबको सुविधा
- उत्कृष्ट नतिजा
- २९ वर्षदेखि निरन्तर चलिरेहेको संस्था

फारम शुल्क रु.१५००/-

**कार्यक्रमहरू**

| | |
| --- | --- |
| Health Assistant (HA) | 40 सिट |
| PCL Lab Technology | 30 सिट |
| PCL Radiography | 30 सिट |
| PCL Physiotherapy | 40 सिट |

फारम वितरण मिति : २०८१/०३/१६ गते आइतबार देखि
फारम बुझाउने अन्तिम मिति : २०८१/०४/१३ गते आइतबार बेलुका ४:३० सम्म
प्रवेश परीक्षा सञ्चालन हुने मिति : २०८१/०४/१९ गते विहान ८:०० बजे

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**
हेटौंडा-५, भैरवरोड
सम्पर्क : ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२



**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**



☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



**डेंगीबाट कसरी बच्ने ?**

बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।

☞ लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
☞ घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
☞ पानी राखेको भाँडालाई छोपेर राखौं ।
☞ लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं ।
☞ लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
☞ घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल-ढोकामा जाली लगाऔ ।
☞ सुत्ने बेलामा झुल लगाएर सुतौं ।
☞ कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
☞ कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना